आज मिति २०८२/१२/१६ गते सोमवारका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादव ज्यूको अध्यक्षता तथा नगरकार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा तपसिल वमोजिमको प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्न नगरकार्यपालिकाको वैठक वसियो ।

## उपस्थिती

| | |
|---|---|
| नगर प्रमुख | श्री श्रवण कुमार यादव |
| उप प्रमुख | श्री जिबछी देवी साह |
| वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो |
| वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ |
| वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव |
| वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह |
| वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह |
| वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ |
| वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही |
| वडा अध्यक्ष वडा नं.८ | श्री विरेश्वर यादव |
| वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल |
| वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह |
| का.बा.वडा अध्यक्ष वडा नं.११ | श्री मनिकलाल यादव |
| वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव |
| मनोनित सदस्य | श्री विनोद प्रसाद महतो |
| मनोनित सदस्य | श्री दिपेश कुमार सिंह |
| महिला मनोनित सदस्य | श्री जरिना खातुन |
| महिला मनोनित सदस्य | श्री अनिता देवी कापैर |
| महिला मनोनित सदस्य | श्री आशा कुमारी यादव |
| महिला मनोनित सदस्य | श्री निर्मला विश्वकर्मा |
| महिला मनोनित सदस्य | श्री नरघिमा लामा |
| नि.प्रमुख प्रशासकीय अधिकृत | श्री राकेश कुमार यादव (सचिव) |
| सहयोगी कर्मचारी | श्री [illegible] कुमार साह |

**प्रस्तावहरु**

१.सेवा र परामर्श सम्वन्धमा ।

२.IEE र BES गर्ने सम्वन्धमा ।

३.विविध ।

**निर्णयहरु**

**१ प्रस्ताव नं.१ माथि छलफल गर्दा** यस नगरपालिकाको आ.ब.२०८२/०८३ को लागि स्वीकृत सेवा र परामर्श (शिर्षक नं.२२४११) को कुल ३० लाख रकम मध्ये देहायका शिर्षकमा आफनो विद्यमान जनशक्तिवाट कार्य गर्न नसकिने भएको हुँदा परामर्शदताहरुवाट निम्नानुसारको सेवा र परामर्शको कार्य संचालन गर्ने निर्णय गरियो ।

**तपसिल**

क). प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र आधारभूत वातावरणीय अध्ययन (BES) गर्ने कार्य रु.५ लाख

ख).मिर्चैया न.पा.वडा नं.१ विर्ता निरको डिमा खोलामा पुल निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न रु.१० लाख

ग).पुरानो पिएचसि भवनलाई थप तल्ला निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गर्न रु.१० लाख

घ) राजश्व सुधार कार्ययोजना रु.२.५ लाख

**२ प्रस्ताव नं.२ माथि छलफल गर्दा** घुर्मी र वतहा खोलावाट ढुंगा,गिटी,वालुवा उत्खनन गरी विकी वितरण गर्ने प्रयोजनको लागि घुर्मी खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वतहा खोलाको आधारभूत वातावरणीय अध्ययन (BES) गर्न नगर कार्यपालिकाको कार्यालयलाई पूर्व स्वीकृति दिने निर्णय गरियो ।

CamScanner